# **बाँसगढीनगरपालिकाको आ.ब. २०७४/०७५ को बिनियोजन विधेयक,**

**बाँसगढी नगरपालिकाको आर्थिक बर्ष २०७४/२०७५ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकमखर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमाव्यवस्थागर्न बनेको ऐन**

**नगर कार्यपालिका बाट पारित मिति २०७४।३।३१**
**नगर सभाबाट स्वीकृत मितिः**

**प्रस्तावनाः** बाँसगढी नगरपालिकाको आर्थिक बर्ष २०७४।०७५ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकमविनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम बाँसगढी नगरपालिकानगर सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्तनामर प्रारम्भः (१)**यस ऐनको नाम “बाँसगढी नगरपालिकाको विनियोजन ऐन, २०७४” रहेको छ ।

(२) यो ऐन२०७४श्रावण १ गते देखि नै प्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०७४।०७५को निमित्त सञ्चितकोषबाट रकमखर्च गर्ने अधिकार**: (१)आर्थिकवर्ष २०७४।०७५ को निमित्तनगरकार्यपालिका, वडा कार्यालय, विषयगतशाखालेगर्ने सेवा र कार्यहरुकानिमित्त अनुसूची १ माउल्लिखितचालू खर्च,पूँजिगतखर्चर सामाजिक सुरक्षाभत्ता र बाँकीफिर्ता गर्ने दायित्वसमेत गरी जम्मा रकम रु. ५७,५६,२७,५८५।०० (**अक्षेरुपी सन्ताउन्न करोड छपन्नलाखसत्ताइसहजार पाँच सय पचासीरुपैयामात्र**)मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः (१)** यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकमआर्थिक वर्ष २०७४।०७५ को निमित्त बाँसगढी नगरपालिकोनगर कार्यपालिका, वडा कार्यालय र विषयगतशाखाले गर्ने सेवा र कार्यहरुको निमित्तविनियोजन गरिनेछ ।

(२)उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएतापनिनगर कार्यपालिका, वडा कार्यालय र विषयगतशाखाले गर्ने सेवा र कार्यहरुको निमित्तविनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमाअपुगहुने देखिनआएमा यस नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५प्रतिशतमानबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथानिकासा र खर्च जनाउन सकिनेछ । पूँजिगतखर्चविनियोजित रकमखर्च शीर्षकमाबाहेक बिनियोजित रकमअन्यत्र सार्न सकिने छैन ।

तर चालु तथापूँजिगतखर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।( ३)उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशतभन्दाबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमानगर सभाको स्वीकृतिलिनु पर्नेछ ।

अनुसूचि-१
(दफा२ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चितकोषबाट विनियोजन हुने रकम

| क.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | जम्मा |
|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ |
| १ | | नगरकार्यपालिका | ४,०९,३८,६४८ | २२,३५,२८,०५० | २६,४४,६६,६९८ |
| २ | | वडा कार्यालय | ५१,७८,००० | ६,८३,००,००० | ७,३४,७८,००० |
| ३ | | बिषयगतशाखा | १५,१५,८२,८८७ | ६१,००,००० | १५,७६,८२,८८७ |
| ४ | | सामाजिक सुरक्षाभत्ता | ८,००००००० | ० | ८,००००००० |
| ५ | **जम्मा** | | **२७,७६,९९,५३५** | २९७९२८०५०।०० | ५७,५६,२७,५८५।०० |